# धनगढी उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## धनगढी,कैलाली , सुदूरपश्चिमम प्रदेश, नेपाल

धनगढी उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालय धनगढी, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

प.स. : ०८१/०८२

च.न. :

**बिषय: जग्गा लिजमा दिने कार्यका लागि सिलबन्दी दरभाउपत्र आव्हानको सूचना ।**

**दोश्रो पटक प्रकाशित मिति: २०८१।८।२०**

**ठेक्का न. R 7/DSMC/081/082**

यस धनगढी उप महानगरपालिकाको भोगाधिकारमा रहेको वडा न. १ पशुपति टोलमा स्थित पशुपति मन्दिर नजिक त्रिबेणी सडक संग जोडिएको जग्गालाई ( सि.न.०२७१०७६९।११ को कि.न. १६ को १४ धुर जमिन यस उपमहानगरपालिकाको भोगाधिकारमा रहेको ) ब्यापारिक प्रयोजनका लागि २० बर्षका लागि जग्गा लिजमा दिने / लिने कार्यका लागि ईच्छुक ब्यक्ति, फर्म वा कम्पनीहरूको जानकारीको लागि यो १५ दिने सिलबन्दी दरभाउपत्र आह्वानको सूचना प्रकाशित गरिएको छ ।

**सूचनाका शर्तहरु**

१। बढाबढका लागि मासिक न्यूनतम ठेक्का अंक रु. ५०,०००। (अक्षरूपी पचास हजार मात्र बहाल कर सहित) कायम गरिएको छ ।

२। जग्गाको लिज रकममा (कवोल ठेक्का रकममा) प्रत्येक २।२ बर्षमा १० प्रतिशतका दरले बृद्धि हुने छ । बृद्धि गरिदा बृद्धि भएको रकममा नै लिज रकम बृद्धि हुनेछ ।

३। उक्त जग्गामा नियमानुसार नक्सा पास गराई ब्यापारिक प्रयोजनका लागि अस्थाई प्रकारका संरचनाहरू निमार्ण गरी बहालमा लगाउने सकिनेछ । साथै पार्किङ लगायत अन्य प्रयोजनबाट पनि आय आर्जन गर्न पाईने छ ।

४। फर्म वा कम्पनीहरूले ठेक्का प्रकृयामा समावेश हुनका लागि धनगढी उ.म.न.पा मा फर्म वा कम्पनीको दर्ता तथा नविकरणको प्रमाण पत्र र आ.व. २०७९।०८० को आन्तरिक राजश्व कार्यालयको कर चुक्ता प्रमाण पत्र पेश गर्नु पर्नेछ । व्यक्तिको हकमा यो लागु हुने छैन ।

५। दरभाउपत्र दर्ता गर्दा दरभाउपत्र दाताले आफुले कबोल गरेको अंकले हुन आउने बार्षिक रकमको ५ प्रतिशत रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंकको धरौटी खाताको हि.न.४१७०१००३०३००००२ मा जम्मा गरेको भौचर वा सो रकम बराबर १२० दिन म्याद भएको नेपाल राष्ट्र बैकबाट “क“ वर्गको मान्यता प्राप्त वाणिज्य बैंकको बैंक जमानत पत्र (विडबण्ड) पेश गर्नुपर्नेछ ।

नरेन्द्र बहादुर खाती
प्रमुख प्रशासकीय अधिकृत

# धनगढी उप-महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

### धनगढी,कैलाली , सुदूरपश्चिमम प्रदेश, नेपाल


प.स. : ०८१/०८२

च.न. :

---

६। ईच्छुक ब्यक्ति,फर्म वा कम्पनीहरूले दरभाउपत्र खरिद वापत यस कार्यालयको राजश्व शाखाबाट नगद रु. १,०००। (पछि फिर्ता नहुने गरी) जम्मा गरेको भौचर समेत संलग्न गरी दरभाउपत्र पेश गर्नु पर्नेछ ।

७। टेण्डर डकुमेन्ट १५ औ दिनको कार्यालय समय भित्र खरिद गरि सक्नु पर्नेछ । दरभाउपत्र १६ औ दिनको १२ बजेभित्र पेश गरिसक्नु पर्नेछ । सोहि दिनको २.०० बजे खोलिने हुदा सो समयमा दरभाउपत्रदाता वा निजले तोकेको व्यक्ति उपस्थित हुनु पर्नेछ । उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

८। दरभाउ पत्र खरिद गर्ने अन्तिम दिन र खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको दिन सो सम्बन्धि कार्य गरिनेछ ।

९। कुनै पनि व्यक्ति,फर्म वा कम्पनीको दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहने छ । साथै उचित प्रतिस्पर्धा भएको नपाईएमा पुन: सूचना प्रकाशित गर्न सकिनेछ ।

१०। दरभाउ पत्र साथ जमानत वाफत आफूले कवोल गरेको रकमको ५ प्रतिशत रकम यस धनगढी उप-महानगरपालिका कार्यालयको रा.बा.बैंक धनगढीमा रहेको धरौटी खाता नं. ४१७०१००३०३००००२ मा नगदै जम्मा गरेको सक्कल भौचर वा दरभाउ पत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तिमा १२० दिन म्याद भएको नेपाल सरकारबाट मान्यता प्राप्त बाणिज्य बैंकबाट धनगढी उप-महानगरपालिकाको नाममा जारी गरिएको बैंक जमानत पेश गर्नु पर्नेछ

११। यस सूचनामा उल्लेख नभएका कुरा कार्यालयको निर्णय र प्रचलित ऐन, कानून बमोजिम हुनेछ । साथै कुनै विवाद उत्पन्न भएमा कार्यालयको निर्णय नै अन्तिम हुनेछ ।

१२। यो सूचना धनगढी उप-महानगरपालिकाको वेव साईट www.dhangadhimun.gov.np बाट पनि हेर्न सकिनेछ र थप जानकारीका लागि यस कार्यालयको राजस्व शाखामा सम्पर्क गर्न सकिने छ ।

नरेन्द्र बहादुर खाती
प्रमुख प्रशासकीय अधिकृत